प्रेस विज्ञप्ति

विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा

मिति २०८३/०६/०८ गते विहान ८ बजे यस मन्त्रालयमा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएको निर्णय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण को सूचना तथा सतर्कताबमोजिम मधेश प्रदेशमा हुन सक्ने भारी वर्षा, बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकार उच्च सतर्कता र आवश्यक पूर्वतयारी अवस्थामा रहेको छ।

सम्भावित विपद्का समयमा आवश्यक पर्ने खाद्यान्न, दैनिक उपभोग्य वस्तु, औषधि तथा उद्धार सामग्रीको पूर्वव्यवस्था गरी तत्काल परिचालन गर्न सक्ने अवस्थामा राखिएको छ। सुरक्षा निकायहरू उच्च सतर्कताका साथ तयारी अवस्थामा रहने र आवश्यकता अनुसार तत्काल उद्धार तथा सुरक्षा कार्यमा परिचालित हुने व्यवस्था गरिएको छ।

जोखिमयुक्त क्षेत्रमा रहेका ज्येष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति लगायतका जोखिममा रहेका समूहको सुरक्षालाई प्राथमिकता दिई आवश्यकता अनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा विपद्सम्बन्धी सूचना, सावधानी र सुरक्षाका उपायबारे नियमित सूचना प्रवाह एवं जनचेतनामूलक सन्देश प्रसारणको व्यवस्था गरिएको छ।

स्वास्थ्य, विद्युत, सञ्चार लगायतका अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहकार्य कायम गरिएको छ। साथै प्रदेशका सबै स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा पूर्वतयारी, उद्धार, राहत तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाइएको छ।

सम्भावित विपद्को अवस्थामा आम नागरिकलाई आवश्यक सावधानी अपनाउन, जोखिमयुक्त स्थानमा नजान तथा आधिकारिक सूचना र सुरक्षासम्बन्धी सन्देशमा ध्यान दिन हार्दिक अनुरोध गर्दछु।

सतर्क रहौं, सुरक्षित रहौं।

माननीय फकिरा महतो
मन्त्री
गृह, सञ्चार तथा कानून मन्त्रालय
मधेश प्रदेश सरकार

मिति : २०८३/०६/०८